# ११

*[संवत् २०५८ मालको पुरस्कार 'जगदम्बा-श्री' श्री डायमनशमशेर राणालाई र सोही सालको 'मदन पुरस्कार' 'अभिनव संस्कृति' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री हरिराम जोशीलाई समर्पण गर्न संवत् २०५८ साल आश्विन २२ गते रोज ३ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १७२ बाट उद्धृत गरिएको हो।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

श्रद्धेय त्रिपाठीज्यू, श्री डायमनशमशेर राणाज्यू, हरिराम जोशीज्यू र बन्धुगण !

समज्यू भन्नुहुन्छ: "अञ्जुलीले दिएँ अर्घ्य बिर्सी सागरको जल/सूर्यको छवि बिर्सेर गरेँ आरति बत्तिले/यत्रो हराभरा पृथ्वीलाई बिर्सेर एउटा/बोहोतामा लिई पुष्पाञ्जलिसम्म चढाइयो। तर सद्भक्तिको गोल विश्वभन्दा विशाल छ।"

म पनि त्यत्ति नै गर्दै छु- केवल शब्दले तपाईंहरूलाई स्वागत निवेदन गर्दै छु। स्वागत छ, बन्धुगण हार्दिक स्वागत !

रातो बङ्गला स्कूलको यो प्राङ्गणमा तपाईंहरूलाई स्वागत छ।

सधैँझैँ म सर्वप्रथम यस समारोहमा स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेर ज.ब.रा. र रानी जगम्बालाई आह्वान गर्दै, एक निमेष उहाँहरूलाई स्मरण गरिदिनुहोस् भनी तपाईंहरूलाई पनि आग्रह गर्दछु।

डायमनशमशेरज्यू, नेपाली भाषा र नेपाली जातिकै सेविका रानी जगदम्बाको प्रशंसक हुनुहुन्थ्यो तपाईं, उहाँप्रति श्रद्धावान् हुनुहुन्थ्यो। आफूले श्रद्धा गरिराखेका व्यक्तिका नामको पुरस्कारले विभूषित हुनुभएकोमा तपाईं अत्यन्त प्रसन्न हुनुहुन्छ भन्ने मैले बुझेको छु। नेपाली भाषाको सेवामा तपाईं आफू पनि गत साठी वर्षदेखि लागि नै रहनुभएको छ र अनेकानेक लोकप्रिय उपन्यासहरू सृजना गरिरहनुभएको

छ । यस्ता साधक, भाषाप्रेमी तपाईंलाई म यस समारोहमा एक न्यानो स्वागत चढाउँछु ।

हरिराम जोशीज्यू, तपाईंले नेपाली भाषालाई ठूलो गुन लगाउनुभएको छ। नेपाली भाषाले तपाईंबाट एउटा बहुमूल्य ग्रन्थ पाएको छ । यस्तो ग्रन्थ संयोजन गरिदिनुभएकोमा विद्वान् तपाईंलाई म विनम्रतापूर्वक स्वागत अभिवादन गर्दछु ।

डा. त्रिपाठीज्यू, 'मदन पुरस्कार'बाट विभूषित भएर मात्र होइन गत तीन दशकदेखि मदन पुरस्कार गुठीभित्र रही सक्रिय रूपले भाग लिई हालै मात्र तपाईंले गुठीबाट अवकास लिनुभएको छ । आज तपाईंलाई यहाँ स्वागत गर्न पाउँदा म पारिवारिक रूपले गौरव बोध गर्दछु । तपाईंलाई स्वागत छ ।

मित्रगण, नेपाली कविलेखक साहित्यिकहरूका प्रतिनिधि स्वरूप म तपाईंहरूलाई यस समारोहमा स्वागताभिनन्दन गर्दछु । सबैलाई निम्त्याउन हामीले सकेनौं तर म तपाईंहरूमा नेपाली साहित्यकारहरूको विराट-रूप दर्शन गरिरहेछु। तपाईंहरूलाई पुनः स्वागत भन्दछु ।

सबैलाई स्वागत छ !

☒ ☒ ☒